

गणतन्त्र दिवस : उत्सव भन्दा ठूला आत्मसमीक्षा

ओमप्रकाश गौतम

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक–६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३–५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com






❑ वर्ष-२१ ❑ अंक - १४३ ❑ २०८३ जेठ १५ गते शुक्रबार ❑ Friday, 29 May 2026 ❑ मूल्य ७ /-


## आज गणतन्त्र दिवस

# दलहरूको कार्यशैलीले अस्थिर 'गणतन्त्र'

गोपाल झापाली

**दमक**/नेपालमा २०६५ सालमा गणतन्त्र स्थापना भएपछि देशले राजनीतिक रूपमा ठूलो परिवर्तन अनुभव गऱ्यो । राजतन्त्र अन्त्य भएर जनता सार्वभौम शक्तिको केन्द्र बने । १७ वर्षको अवधिमा गणतन्त्रले केही महत्वपूर्ण उपलब्धि दिएपनि आम नागरिकलाई राजतन्त्र फालेर गणतन्त्र स्थापना हुनुको औचित्य पुष्टि गर्न दलहरूले सकिरहेका छैनन । राज्यसत्तामा रहँदा दलहरूले देखाएका आचारण, शैली र व्यहवारले आम नागरिकलाई सन्तुष्ट नबनाउनुले यति लामो समयपछि पनि अझै गणतन्त्र स्थायी बन्न सकेको छैन ।

गणतन्त्रले दिएको सबैभन्दा ठूलो उपलब्धि लोकतान्त्रिक अधिकारको विस्तार हो । नागरिकले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र राजनीतिक सहभागिताको अधिकार पाएका छन् । संघीयता लागू भएपछि स्थानीय तहसम्म जनप्रतिनिधि पुगेका छन् । गणतन्त्रको सवै भन्दा बलियो पक्ष समावेशीता हो । समावेशी प्रतिनिधित्वको अवधारणाले महिला, दलित, जनजाति र पिछडिएका समुदायको सहभागिता राज्यका विभिन्न निकायमा बढाएको छ । सरकारको सवै भन्दा सानो ईकाई वडा तहमा समेत एक दलित महिला, एक खुल्ला महिलाको अनिवार्य सहभागीतामाले महिलाको आत्मसम्मान स्थापित गर्नुका साथै महिला नेतृत्वको विकास पनि गराई रहेको छ ।

गणतन्त्रको उपलब्धीको रूपमा रहेको संघीय व्यवस्था पनि महत्वपूर्ण रहेको छ । तर तीन तहका सरकार सञ्चालनमा आए पछि सवै भन्दा बढि आलोचना प्रदेश तहको सरकारले व्यहोरी रहेको छ । यदि यसलाई कामयावी, प्रभावकारी, चुस्त र सेवाप्रवाहमूलक बनाउन नसके यस प्रतिको आलोचना अझ बढ्न सक्ने खतरा छ । संघीय सरकारमा जस्तै ढिलासुस्ती, भ्रष्टाचार, खर्चिलो र झझटिलो प्रशासनीय संयन्त्र लगयातका कारण भने कतिपयले यसलाई अनावश्यक र बोझिलो प्रणाली पनि भन्ने गरेका छन् ।

गणतन्त्रको उपलब्धीकै रूपमा नागरिकको सवै भन्दा नजिकको सरकार स्थानीय सरकार प्राप्त भएको छ । विगतमा स्थानीय विकास मन्त्रालय मातहतको ईकाई रहने स्थानीय निकाय स्थानीय सरकारकै रूपमा सञ्चालनमा आए पछि यस मार्फत स्थानीय पाठ्यक्रमहरू विद्यालय तहमा पढाईन थालेको छ । स्थानीय भाषाहरूले सरकारी काममा मान्यता पाउन थालेका छन् । खास खास विषयको न्यायीक सम्पादन स्थानीय न्यायीक समिति मार्फत हुन थालेको छ । यि विषयलाई पनि उपलब्धीका रूपमा लिनु पर्दछ । तर स्थानीय सरकार पनि जनप्रतिनिधि हरूको आपसी ईख

बाँकी ४ पेजमा ▸▸

## कोशीका कानूनको डिजिटल अभिलेख

**दमक/** कोशी प्रदेश सरकारले स्थानीय तथा प्रदेश तहबाट जारी भएका कानुनहरूलाई पहिलो पटक डिजिटल माध्यमबाट व्यवस्थित अभिलेखीकरण गर्ने अभियान सुरु गरेको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गाउँपालिका राष्ट्रिय महासंघ नेपालसँगको सहकार्यमा निर्माण गरेको 'कानुन अभिलेखीकरण प्रणाली' औपचारिक रूपमा सञ्चालनमा ल्याएसँगै प्रदेशको कानुनी व्यवस्थापन प्रणालीमा नयाँ अभ्यास सुरू भएको हो ।

## सार्वजनिक सवारीमा अनिवार्य लगेज ट्याग

**दमक/** सार्वजनिक सवारी साधनमा जीपीएस सिस्टम र लगेज ट्याग अनिवार्य गरिएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको संयुक्त पहलमा सार्वजनिक सवारी साधनमा जीपीएस, ड्यास बोर्ड क्यामेरा र लगेज ट्याग अनिवार्य गरिएको हो ।

महासंघले आफ्ना सदस्य संघ, समिति र कम्पनी समेतलाई विपदबाट जोगिन ध्यान दिनुपर्ने नियमहरू सार्वजनिक गर्दै सडकको अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा गर्न, सवारी साधनको अवस्था चुस्त दुरूस्त राख्न, मनसुनको अवस्थाबारे प्रहरी र सञ्चार माध्यमबाट जानकारी लिन र सुरक्षित स्थानमा मात्र सवारी पार्किङ एवम् विश्राम गर्न सूचित गरेको छ ।

## युवती मोबाइल टावरमा चढेपछि....

**दमक/** डुडुवा गाउँपालिका मा एक १८ वर्षीया युवती आफूले मन पराएको प्रेमीलाई बोलाइदिनुपर्ने माग गर्दै मोबाइल टावरमा चढेपछि तनावपूर्ण अवस्था सिर्जना भएको छ। डुडुवा-२ जाफरपुरवाकी ती युवतीले प्रेमी घटनास्थलमा आएपछि मात्रै तल झर्ने अडान लिएकी थिइन्। स्थानीय र आफन्तले धेरै सम्झाउँदा पनि नमानेपछि प्रहरी बोलाउनुपरेको थियो। जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी जीवराज थापाका अनुसार प्रहरी टोलीले सम्झाइबुझाइ गरेर युवतीलाई सुरक्षित रूपमा तल झारेको हो। अहिले उनलाई उपचारका लागि अस्पतालमा राखिएको छ। स्थानीयका अनुसार प्रेमीले बेवास्ता गरेपछि उनले यस्तो कदम चालेकी थिइन्।

# भूटानी शरणार्थीको बालेन र रवीमा आग्रह

**दमक**/ भूटानी शरणार्थीहरूले आफ्नो दीर्घकालीन समस्या समाधानका लागि प्रधानमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापतिलाई पुन:स्मरणपत्र बुझाएका छन् । उनीहरूले सम्मानजनक स्वदेश फिर्तीका लागि कूटनीतिक पहल गर्न आग्रह गरेका हुन् ।

रवि लामिछानेलाई बुझाइएको पत्रमा विगत ३४ वर्षदेखि भूटानी सरकारको दमनका कारण विस्थापित भई नेपालका झापा र मोरङका शिविरमा बस्दै आएका शरणार्थीहरूको समस्या अझै समाधान नभएको उल्लेख गरिएको छ। संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) लगायत निकायको सहयोगमा धेरै शरणार्थी तेस्रो देशमा पुनर्वास भए पनि करिब ६,५०० शरणार्थी अझै शिविरमै रहेको जनाइएको छ ।

त्यसैगरी प्रधानमन्त्रीलाई सम्बोधन गरिएको पत्रमा हालसम्म भएका १५ चरणका नेपाल-भूटान वार्ताले ठोस निष्कर्ष दिन नसकेको भन्दै पुन: स्वदेश फिर्तीलाई प्राथमिकतामा राख्न आग्रह गरिएको छ । शरणार्थीहरूले आफूहरूलाई सुरक्षित आवास, खाद्यान्न, शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराइए पनि अहिले ती सुविधामा कटौती हुँदै गएको गुनासो गरेका छन् ।

पत्रमा शिविरको नाम परिवर्तन गरेर "बस्ती व्यवस्थापन

बाँकी ४ पेजमा ▸▸

## नेकपाको स्थानीय तह भेलाद्वारा १० बुँदे कार्यदिशा पारित

**दमक/** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) स्थानीय तह विभागले आयोजना गरेको दुई दिने राष्ट्रिय प्रशिक्षण भेलाले १० बुँदे कार्यदिशा पारित गरेको छ । आगामी २०८४ सालको निर्वाचनलाई लक्षित गर्दै पारित कार्यदिशामा नेकपाबाट निर्वाचित जनप्रतिनिधिलाई जनमुखी र उत्तरदायी ढंगले काम गर्न निर्देशन दिइएको छ । भेलाले स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारका रूपमा स्थापित गर्दै सेवा प्रवाहलाई छिटो, सरल र प्रविधिमैत्री बनाउने नीति लिएको छ । साथै, यस वर्षलाई 'कार्यसम्पादन केन्द्रित वर्ष'का रूपमा मनाउने निर्णय गर्दै अधुरा योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने उल्लेख

बाँकी ४ पेजमा ▸▸

# हर्षोल्लासमा बकर इद

*इनरूवा/ इस्लाम धर्मावलम्बीहरूको दोस्रो ठूलो पर्व बकर इद (इद–उल–अजहा) सुनसरीका विभिन्न स्थानमा हर्षोल्लासका साथ मनाइएको छ। जिल्ला सदरमुकाम इनरूवासहित भोक्राहा नरसिंह, हरिनगर, कोशीलगायतका क्षेत्रका मस्जिद तथा इदगाहमा सामूहिक नमाज पढेर मुस्लिम समुदायले पर्व मनाएका हुन्। इनरूवा लगायतका स्थानमा बिहानै स्नान गरी परम्परागत पोशाकमा पुगेका श्रद्धालुहरूले नमाज पढेपछि एकआपसमा अङ्कमाल गर्दै शुभकामना आदानप्रदान गरेका थिए। स्थानीय अजमल अन्सारीका अनुसार इदगाहमा ठूलो संख्यामा समुदाय भेला भएर उत्साहपूर्वक पर्व मनाइएको हो।*



*इस्लामिक पात्रोअनुसार हिजरी संवत्को अन्तिम*

बाँकी ४ पेजमा ▸▸

# सत्ता र गुटको खेलमा कोशी कांग्रेस

**विराटनगर**/नेपाली कांग्रेस कोशी प्रदेशभित्र यतिबेला आन्तरिक शक्ति संघर्ष र सत्ता समीकरणको राजनीति तीव्र बनेको छ । कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री बन्ने तयारीमा सक्रिय देखिए पनि उनको पछिल्लो राजनीतिक 'लाइन परिवर्तन'ले पार्टीभित्र नयाँ विवाद सिर्जना गरेको छ । यसअघि कृष्णप्रसाद सिटौला निकट मानिने थापा अहिले संस्थापन पक्ष, विशेषगरी उपसभापति विश्वप्रकाश शर्मा सँग नजिकिएको चर्चा कांग्रेस वृत्तमा छ। थापा मुख्यमन्त्री बन्ने लक्ष्यसहित संस्थापनसँग नजिकिएपछि इतर पक्ष भने उनलाई संसदीय दलको नेताबाट हटाउने रणनीतिमा लागेको स्रोतहरूको दाबी छ।

केही समयअघि कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली बीच कोशीमा एमाले र सुदूरपश्चिममा कांग्रेसले पाँच वर्ष सरकारको नेतृत्व गर्ने 'भद्र सहमति' भएको चर्चा थियो। तर पछिल्लो राजनीतिक घटनाक्रमले त्यो सहमति अन्योलमा परेको देखिएको छ। एमाले सचिव भानुभक्त ढकाल ले पनि अहिले परिस्थिति बदलिएकाले नयाँ निर्णय हुन सक्ने संकेत दिएका छन् ।

थापा भने पुरानो आलोपालो सहमतिअनुसार अब आफ्नो पालो आउनुपर्ने अडानमा छन्। तर, विशेष महाधिवेशनको विरोध गरेका थापाले अहिले पदका लागि संस्थापनतिर लागेको भन्दै इतर पक्षका सांसदहरू असन्तुष्ट छन्। केन्द्रीय सदस्य अमृत अर्याल ले समेत थापाको राजनीतिक नैतिकतामाथि प्रश्न उठाएका छन्।

इतर पक्षले अहिले नै नेतृत्व परिवर्तनको विषय सार्वजनिक नगरी पहिले कांग्रेस नेतृत्वमा सरकार सुनिश्चित गर्ने र त्यसपछि मात्रै संसदीय दलको नेता फेर्ने

बाँकी ४ पेजमा ▸▸

# सत्तीघाटको फेरी बन्द



**भोजपुर/** पानीको बहाव बढेपछि सत्तुवासभा र भोजपुर जोड्ने अरूण नदीको सतिघाटस्थित फेरी सेवा बन्द भएको छ । मनसुन सुरू भएसँगै नदीमा जलस्तर बढेपछि फेरी सञ्चालन रोकिएको हो । खाँदबारी नगरपालिका-९, सतिघाट र भोजपुरको षडानन्द नगरपालिका-६ जोड्ने उक्त फेरी एक सातादेखि सञ्चालनमा नरहेको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले जानकारी दिए । नदी धमिलो हुनुका साथै बहाव तीव्र बनेपछि फेरी सञ्चालन गर्न नसकिएको उनको भनाइ छ । सतिघाटको फेरी भोजपुरको उत्तरी क्षेत्रलाई सत्तुवासभाको खाँदबारी हुँदै तराईसँग जोड्ने मुख्य माध्यमका रूपमा प्रयोग हुँदै आएको छ । पक्की पुल नबनेकाले वैकल्पिक उपायका रूपमा २०७६ सालदेखि यहाँ फेरी सञ्चालनमा ल्याइएको थियो । सङ्घीय र प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट जनही ७५ लाख रूपियाँ तथा षडानन्द नगरपालिकाबाट ५५ लाख रूपियाँ लगानी गरी फेरी निर्माण गरिएको नगरपालिकाले जनाएको छ । फेरी बन्द भएपछि षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका बासिन्दालाई आवतजावत तथा दैनिक उपभोग्य वस्तु ढुवानीमा समस्या भएको छ । वर्षायाममा नदीमा पानी बढेपछि फेरी पूर्णरूपमा बन्द हुने र झोलुङ्गे पुल हुँदै सामान बोक्नुपर्ने बाध्यता रहेको स्थानीयबासीको भनाई छ ।

## आर्थिक सर्वेक्षणमा चिकित्सकको तथ्यांक त्रुटिपूर्ण

**दमक/** सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८२/८३ मा नेपालमा दर्ता भएका चिकित्सकको संख्याबारे गम्भीर त्रुटि भेटिएको छ। सर्वेक्षणमा ३५ हजार १८७ मेडिकल चिकित्सक, ६ हजार ८३ दन्त चिकित्सक र १२ हजार ९५३ विशेषज्ञ चिकित्सक गरी कुल ५४ हजार २३३ चिकित्सक रहेको उल्लेख गरिएको छ ।

तर नेपाल मेडिकल काउन्सिल का अनुसार वास्तविक रूपमा मेडिकल र दन्त चिकित्सक गरी कुल ४१ हजार २७० जना मात्रै दर्ता छन् । विशेषज्ञ चिकित्सकका रूपमा उल्लेख गरिएका १२ हजार ९५३ जना

बाँकी ४ पेजमा ▸▸

## स्कुलबसको ठक्करबाट बालकको मृत्यु

**गौरादह/** गौरादह नगरपालिका-७ फगेटीमा स्कुल बसको ठक्करबाट ४ वर्षीय बालकको मृत्यु भएको छ । बुधबार साँझ भएको घटनाले स्थानीयवासी स्तब्ध र आक्रोशित बनेका छन् । प्रहरीका अनुसार सर्जक एकता बोर्डिङ स्कुलको को १ ख ६९४० नम्बरको बसले सोही विद्यालयमा अध्ययनरत गौरादह-७ निवासी खड्ग चिमरियाका ४ वर्षीय छोरा आरोग्य चिमरियालाई घरमा ओराल्ने क्रममा किचेको हो । प्रहरीका अनुसार बालक

बाँकी ४ पेजमा ▸▸


**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रबर्द्धन गरौं,
- विभेदरहीत समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

**गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## सम्पादकीय

# आज गणतन्त्र दिवश

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रले डेढ दशक पार गरेको छ । नेपाली जनताको आन्दोलनबाट परिवर्तित न्यवस्था प्रति नागरिकका अकांक्षाका टाकुराहरू हुर्किएका थिए । यो समीक्षाको घडीसम्म आईपुग्दा ती आकांक्षाहरू कति पूरा भए त ? जनताले बारम्बार प्रश्न गरिरहेका छन्, गर्ने गरेका छन् ।

जनताको संघर्ष र बलिदानीबाट प्राप्त उपलब्धि प्रति शुरू देखिनै विभिन्न प्रश्न उठ्दै आए । गणतन्त्रलाई नस्वीकार्ने आवाज पनि निरन्तर उठिरहेको छ । दोश्रो जनआन्दोलन जगमा भएको पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन न्यवस्था प्रारम्भको घोषणा भएको थियो । यहि दिनको सम्झनामा हरेक वर्ष जेठ १५ गते गणतन्त्र दिवश मनाउने गरिन्छ । तर यो अभुतपूर्व न्यवस्था परिवर्तनको दुई दशक पनि नभई युवा पुस्तामा हुर्किएको निराशा किन जेनजी आन्दोलनको रूपमा विष्फोट भयो त ? यो अहिले मनन गर्ने विषय बनेको छ ।

गणतन्त्रले नव पुस्ताको आकांक्षा पूरा गर्न नसक्नुका मुख्य कारणमध्ये राजनीतिक अस्थिरता, भ्रष्टाचार, बेरोजगारी, कमजोर प्रशासन र विकासको असमान वितरण रहन पुग्यो । सरकार परिवर्तनको निरन्तर श्रृंखलाले दीर्घकालीन योजना प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेन । जनताले शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक समृद्धिमा सुधार चाहेका थिए, तर धेरै युवालाई विदेश पलायन हुन बाध्य बनाउने अवस्था अझै कायम छ । साथै, शक्तिको दुरूपयोग, नातावाद र दलगत स्वार्थले नागरिकको विश्वास कमजोर बन्न पुग्यो ।

जेनजी पुस्ता सूचना-प्रविधिसँग जोडिएको, सचेत र प्रश्न गर्ने पुस्ता हो । उनीहरु केवल राजनीतिक नाराभन्दा परिणाममुखी शासन चाहन्छन् । त्यसैले उनीहरुले पारदर्शिता, दक्ष नेतृत्व, रोजगारी र अवसरको माग गरे, आन्दोलन गरे र अझै प्रश्न गरिरहेका छन् । अब जनआकांक्षा पूरा गर्न सर्वप्रथम सुशासनलाई न्यवहारमा लागू गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, योग्यतामा आधारित नियुक्ति, युवालाई रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र उत्पादनमुखी अर्थतन्त्र निर्माणमा राज्य गम्भीर हुनुपर्छ । साथै, राजनीतिक दलहरुले सत्ता केन्द्रित सोच त्यागेर जनताको हितलाई प्राथमिकता दिन आवश्यक छ । गणतन्त्र केवल शासन न्यवस्था परिवर्तन मात्र होइन, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने माध्यम हो । यदि राज्यले जनताको विश्वास जित्न सकेन भने असन्तुष्टि अझ बढ्न सक्छ । त्यसैले आजको आवश्यकता न्यवस्था बचाउनेभन्दा पनि न्यवस्थालाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाउनु हो ।

# गणतन्त्र दिवस : उत्सवभन्दा ठूलो आत्मसमीक्षा



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**त्यो समय सम्झँदा अझै पनि धेरैका आँखामा पुराना दृश्यहरु ताजै छन् । गाउँ-सहरमा बोल्न पाइँदैनथ्यो । स्वतन्त्र विचार राख्नु अपराध मानिन्थ्यो । आलोचना गर्नेहरुलाई रातारात पक्राउ गरिन्थ्यो । डर र त्रासले समाज बाँधिएको थियो । जनताले लोकतन्त्र र स्वतन्त्रताको सपना देखेका थिए, तर त्यो सपना साकार बनाउन धेरैले जेल, नेल, यातना र मृत्युसम्म भोगे ।**

हरेक वर्ष जेठ १५ गते आउँदा नेपाली जनताले एउटा ऐतिहासिक दिन सम्झिन्छन् । यो केवल पात्रोमा अंकित एउटा मिति मात्र होइन, यो हजारौं ज्ञात-अज्ञात सहिदहरूको बलिदान, जनताको आँसु, संघर्ष, विद्रोह र परिवर्तनको सपना बोकेको दिन हो । २००७ सालयता गत भदौको २३, २४ गते भएको जेनजी विद्रोहसम्मका अनेकन राष्ट्रिय, क्षेत्रीय, जातिय, पेशाकर्मी, अधिकारकर्मीहरूका आन्दोलन, जनआन्दोलन, जनयुद्ध, क्रान्ति जे जे नाम दिइए पनि यसको रूप अनि प्राण नै यहि गणतन्त्रभित्र अडिएको छ । यही दिनलाई हामी गणतन्त्र दिवसका रूपमा मनाउँछौं । तर आज प्रश्न उठ्न थालेको छ - के हामीले प्राप्त गरेको गणतन्त्र जनताको अपेक्षाअनुसार चलिरहेको छ ? वा यो केही सीमित व्यक्तिहरूको सुविधाभोगी संरचनामा सीमित हुँदै गएको छ ?

नेपालमा गणतन्त्र स्थापना हुनु कुनै सामान्य घटना थिएन । शताब्दीयौं लामो राजतन्त्रको अन्त्य गर्दै जनताले आफ्नै भाग्य र भविष्य आफैं लेख्ने अधिकार प्राप्त गरेका थिए । २०६५ साल जेठ १५ गते संघीय संसदबाट गणतन्त्र घोषणा हुँदा नेपाली जनताको मनमा एउटा नयाँ आशा जन्मिएको थियो । अब देशमा समानता हुनेछ, विभेद हट्नेछ, भ्रष्टाचार अन्त्य हुनेछ, नागरिकले स्वतन्त्र रूपमा बोल्न पाउनेछन्, र राज्य साँच्चिकै जनताको हुनेछ भन्ने विश्वास थियो ।

त्यो समय सम्झँदा अझै पनि धेरैका आँखामा पुराना दृश्यहरु ताजै छन् । गाउँ-सहरमा बोल्न पाइँदैनथ्यो । स्वतन्त्र विचार राख्नु अपराध मानिन्थ्यो । आलोचना गर्नेहरूलाई रातारात पक्राउ गरिन्थ्यो । डर र त्रासले समाज बाँधिएको थियो । जनताले लोकतन्त्र र स्वतन्त्रताको सपना देखेका थिए, तर त्यो सपना साकार बनाउन धेरैले जेल, नेल, यातना र मृत्युसम्म भोगे ।

झापा, इलाम, रोल्पा, रूकुमदेखि काठमाडौंसम्म जनताका आवाजहरु दबाइएका थिए । तर गीत, कविता, नाटक र सांस्कृतिक अभियानहरूले परिवर्तनको चेतना फैलाइरहेका थिए । विद्यालयका प्रांगणहरूमा गुञ्जिने जनवादी गीतहरूले समाजलाई प्रश्न गर्न सिकाइरहेका थिए । गिटार, मादल, हार्मोनियम र बासुरीका धुनहरूमा केवल मनोरञ्जन थिएन, त्यहाँ विद्रोहको आवाज थियो ।

त्यो समयका युवाहरूले समाजलाई बदल्ने सपना देखेका थिए । उनीहरु विश्वास गर्थे कि परिवर्तनपछि एउटा न्यायपूर्ण देश निर्माण हुनेछ । तर आज त्यही पुस्ताले प्रश्न गरिरहेको छ- के परिवर्तन साँच्चै जनताको पक्षमा भयो ?

गणतन्त्रपछि देशको राजनीतिक संरचना बदलियो, संविधान बन्यो, संघीयता आयो, निर्वाचन भए । तर आम जनताको जीवनमा अपेक्षित परिवर्तन देखिन सकेन । जनताको स्तर उकासिनुभन्दा नेताहरूको जीवनशैली बदलियो । हिजो जनताको नाममा आन्दोलन गर्नेहरु आज शक्तिको केन्द्रमा पुगे । सहिदका सपना ओझेलमा परे ।

गणतन्त्रको मूल मर्म भनेको जनताको सर्वोच्चता हो । तर अहिले जनताले महसुस गर्न थालेका छन् कि सत्ता फेरियो, शैली फेरिएन । भ्रष्टाचार, भागबन्डा, नातावाद, अवसरवाद र सत्ताको दुरुपयोगले गणतन्त्रको आत्मालाई कमजोर बनाइरहेको छ । जनताले बलिदान दिए, तर लाभ सीमित वर्गले उठायो भन्ने अनुभूति बढ्दै गएको छ ।

आज नेपाली राजनीति गम्भीर मोडमा उभिएको छ । पुराना दलहरु जनविश्वास गुमाउँदै गएका छन् । नयाँ पुस्तामा निराशा बढिरहेको छ । सामाजिक सञ्जालमा आक्रोश छ, सडकमा असन्तुष्टि छ, र युवाहरु देश छोड्ने लहरमा छन् । यो केवल आर्थिक समस्या मात्र होइन, यो राजनीतिक भरोसाको संकट पनि हो ।

जनताको मनमा एउटा गहिरो प्रश्न छ- यदि गणतन्त्रले जनताको जीवनमा न्याय, अवसर र सम्मान दिन सकेन भने यसको औचित्य के रहन्छ ?

यही असन्तुष्टिबाट नयाँ राजनीतिक चेतना जन्मिन थालेको छ । पछिल्ला निर्वाचनहरूले जनताले विकल्प खोजिरहेको संकेत दिएका छन् । युवापुस्ता अब पुराना भाषण होइन, परिणाम चाहन्छ । उनीहरूलाई नाराभन्दा काम चाहिएको छ ।

तर यसबीच एउटा अर्को खतरनाक प्रवृत्ति पनि बढिरहेको छ- गणतन्त्रप्रति नै वितृष्णा फैलाउने प्रयास । केही शक्तिहरु जनताको असन्तुष्टिलाई प्रयोग गरेर फेरि पुरानो व्यवस्थालाई महिमामण्डित गर्न खोजिरहेका छन् । सामाजिक सञ्जाल, युट्युब र विभिन्न माध्यममार्फत "गणतन्त्र असफल भयो" भन्ने भाष्य निर्माण गरिँदैछ ।

तर यहाँ सबैभन्दा महत्वपूर्ण कुरा के हो भने असफलता गणतन्त्रको होइन, गणतन्त्र सञ्चालन गर्ने नेतृत्वको हो । एउटा प्रणाली आफैं खराब हुँदैन, त्यसलाई चलाउने व्यक्तिहरूको नियत र व्यवहारले त्यसको मूल्य निर्धारण गर्छ ।

लोकतान्त्रिक गणतन्त्र संसारभर सफल अभ्यासका रूपमा स्थापित प्रणाली हो । जनताको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, समान अधिकार र विधिको शासन यसको आधार हो । नेपालमा पनि यही मूल्य स्थापित हुनुपर्ने थियो । तर दुर्भाग्यवश सत्ता केन्द्रित राजनीति, दलगत स्वार्थ र अस्वस्थ प्रतिस्पर्धाले प्रणालीलाई कमजोर बनायो ।

आजको आवश्यकता भनेको दोषारोपण होइन, आत्मसमीक्षा हो । राजनीतिक दलहरूले विगतका गल्ती स्वीकार गर्नुपर्छ । जनताबाट टाढिएको राजनीति फेरि जनतामाझ फर्किनुपर्छ । सहिदहरूको बलिदानलाई भाषणमा मात्र सीमित राखेर हुँदैन, व्यवहारमा उतार्नुपर्छ ।

मिडियाको भूमिकामाथि पनि प्रश्न उठेको छ । कुनै समय परिवर्तनका पक्षमा उभिएका केही सञ्चारमाध्यमहरु अहिले सनसनी र स्टन्टबाजीमा केन्द्रित देखिन्छन् । सत्य र जिम्मेवारीभन्दा 'भ्यूज' र 'ट्रेन्ड' प्राथमिकतामा परेका छन् । यसले समाजमा भ्रम, घृणा र विभाजन बढाइरहेको छ ।

लोकतन्त्र र गणतन्त्रको रक्षा केवल नेताहरूको जिम्मेवारी होइन । नागरिक समाज, बुद्धिजीवी, पत्रकार, युवा, विद्यार्थी र आम जनता सबैले आˆनो जिम्मेवारी बुझ्नुपर्छ । आलोचना गर्नुपर्छ, तर विनाश होइन सुधारको बाटो देखाउने गरी ।

आजको पुस्ताले इतिहास बुझेको छ । उनीहरूले जनयुद्ध, जनआन्दोलन, शान्ति प्रक्रिया र राजनीतिक संक्रमण सबै पढेका छन् । त्यसैले उनीहरूलाई झुटो राष्ट्रवाद, खोक्रा भाषण र भावनात्मक नाराले धेरै समयसम्म भ्रमित राख्न सकिँदैन ।

नेपाललाई अब नयाँ राजनीतिक संस्कार चाहिएको छ । सत्ता कब्जाको राजनीति होइन, सेवा र उत्तरदायित्वको राजनीति चाहिएको छ । जनताको करबाट विलासिता होइन, विकास हुनुपर्छ । युवाले विदेशिने बाध्यता होइन, देशमै सम्भावना देख्न पाउनुपर्छ । किसानले उत्पादनको मूल्य पाउनुपर्छ । श्रमिकले सम्मान पाउनुपर्छ । न्यायालय स्वतन्त्र हुनुपर्छ । प्रशासन पारदर्शी हुनुपर्छ ।

गणतन्त्रको वास्तविक सफलता त्यतिबेला प्रमाणित हुन्छ, जब नागरिकले आफूलाई राज्यको मालिक महसुस गर्छन् । जब एउटा सामान्य नागरिकले पनि अन्यायविरूद्ध खुलेर बोल्न सक्छ । जब राज्यले पहुँचवालाको होइन, कानुनको शासन चलाउँछ ।

हामीले बुझ्नुपर्ने अर्को महत्वपूर्ण कुरा के हो भने व्यवस्था बदल्नु मात्र पर्याप्त हुँदैन, सोच बदलिनुपर्छ । यदि मानसिकता पुरानै रह्यो भने नयाँ व्यवस्था पनि पुरानै रोगबाट ग्रसित हुन्छ ।

आज गणतन्त्र संकटमा छ भने त्यसको कारण जनता होइनन् । जनता अझै पनि आशावादी छन् । उनीहरु अझै पनि देश बन्न सक्छ भन्ने विश्वास गर्छन् । तर त्यो विश्वास जोगाइराख्ने जिम्मेवारी नेतृत्वको हो ।

राजनीतिक दलहरु एकअर्कालाई दोष दिएर मात्र उम्किन सक्दैनन् । गणतन्त्रलाई यो अवस्थामा कसले पुर्यायो भन्ने प्रश्नबाट भाग्न मिल्दैन । अब पनि समय छ( आत्मसमीक्षा गर्ने, गल्ती सच्याउने र जनताप्रति इमानदार बन्ने ।

हामीले फेरि सम्झनुपर्छ, यो गणतन्त्र कुनै नेताको उपहार होइन । यो लाखौं नेपाली जनताको संघर्षको उपलब्धि हो । सहिदहरूको रगतले लेखिएको इतिहास हो । त्यसैले यसलाई व्यक्तिगत स्वार्थ, दलगत घमण्ड र सत्ताको खेलमा समाप्त हुन दिनु हुँदैन ।

आज गणतन्त्र दिवस मनाइरहँदा सबैभन्दा ठूलो आवश्यकता राष्ट्रिय एकताको हो । दलहरूबीच मतभेद हुन सक्छ, विचार फरक हुन सक्छ, तर देश र व्यवस्थामाथि खेलबाड गर्ने छुट कसैलाई हुनु हुँदैन ।

गणतन्त्रलाई बलियो बनाउन जनताको विश्वास जित्नुपर्छ । विश्वास भाषणले होइन, कामले जितिन्छ । पारदर्शिता, सुशासन, उत्तरदायित्व र जनसेवामार्फत मात्र गणतन्त्रलाई संस्थागत गर्न सकिन्छ ।

यदि हामीले अहिले पनि चेतेनौं भने इतिहासले फेरि कठोर प्रश्न सोध्नेछ । भावी पुस्ताले सोध्नेछन्- यति धेरै बलिदानपछि प्राप्त व्यवस्था किन जोगाउन सकिएन ?

त्यसैले आजको दिन केवल उत्सवको दिन होइन, आत्ममूल्यांकनको दिन पनि हो । हामीले आफूलाई सोध्नुपर्छ- हामी गणतन्त्रका सच्चा संरक्षक हौं कि केवल नाराका व्यापारी ?

अब अनिर्णयको बन्दी बनेर बस्ने समय छैन । परिवर्तनको सपना देख्ने हो भने जिम्मेवारी पनि बोक्नुपर्छ । जनताको बलिदानको सम्मान गर्ने हो भने गणतन्त्रलाई सही दिशामा डोर्‍याउनुपर्छ ।

आउनुहोस्, सहिदहरूको सपना अधुरो नरहोस् भनेर प्रतिबद्ध बनौं । विभाजन होइन, एकता रोजौं । निराशा होइन, सुधारको बाटो समातौं ।

गणतन्त्रलाई कमजोर बनाउने होइन, जनताको वास्तविक शासन प्रणाली बनाउने अभियानमा जुटौं ।

- गणतन्त्र जिन्दावाद ।

# प्रविधिको भीडमा हराउँदै गएको अभिवादनको आत्मा

अंकित भट्टराई, जर्मन

मानिस केवल शरीरले मात्र सामाजिक प्राणी होइन, ऊ भावनाले जोडिएको अस्तित्व पनि हो । समाजको वास्तविक सुन्दरता केवल ठूल्ठूला भवन, प्रविधि वा आर्थिक प्रगतिमा मापन हुँदैन; त्यो त मानिसहरूबीचको व्यवहार, आत्मीयता, संस्कार र सम्बन्धको न्यानोपनमा झल्किन्छ । नेपाली समाजको मौलिक पहिचान पनि यस्तै आत्मीय सम्बन्ध, सम्मानपूर्ण व्यवहार र हार्दिक अभिवादनमा आधारित थियो । तर आज समयसँगै त्यो संस्कार विस्तारै परिवर्तन हुँदै गएको छ ।

एक समय थियो, जब गाउँका बाटाहरूमा भेट हुँदा मानिसहरु मुसुक्क हाँस्थे । "नमस्कार" केवल एउटा शब्द थिएन, त्यो सम्मान, अपनत्व र आत्मीयताको प्रतीक थियो । दुई हात जोडेर, आँखामा आँखा जुधाएर गरिने अभिवादनले मनभित्रको सद्भाव प्रकट गर्थ्यो । त्यहाँ औपचारिकता कम, आत्मीयता बढी हुन्थ्यो । हजुरबा( हजुरआमा, छिमेकी, साथीभाइ वा बाटोमा भेटिएका अपरिचित मानिससँग पनि नम्र व्यवहार गर्ने संस्कार नेपाली समाजको गहना थियो ।

तर आज प्रविधिको तीव्र विकाससँगै मानिसको जीवनशैली मात्र होइन, सम्बन्धको स्वरूप पनि बदलिँदै गएको छ । अहिले मानिसहरु भेटभन्दा बढी मोबाइल स्क्रिनमा व्यस्त देखिन्छन् । अभिवादनका हात एकातिर हुन्छन्, तर अनुहार अर्कैतिर फर्किएको हुन्छ । नमस्कार गरिन्छ, तर आँखाले एकअर्कालाई स्पर्श गर्दैनन् । मुस्कान हराउँदै गएको छ । आत्मीय संवादको ठाउँमा औपचारिक प्रतिक्रिया मात्र बाँकी रहन थालेको छ ।

त्यति मात्र होइन कतिपय युवाहरू आफ्ना काका, बढाउ, दाजुहरू प्रति गरिने सम्मानमा निहुरिन चाहँदैनन । सबैलाई एक मुष्ठ अभिवादन गरेर अलिकति शिर झुकाउनु र छातीमा हात राख्न थालेका छन् । अभिवादनको नयाँ रूपमा कसैले नमस्कार गरिहाल्यो भने दुई हात जोड्ने प्रचलन पनि हराइसक्यो । मुखले नमस्कार वा नमस्ते भन्यो हात जोड्ने चलन छैन यसो मुन्टो झुकाएर छातीमा हात राख्दैमा ठूलो सम्मान ठहरिन थालेको छ ।

यो परिवर्तन सामान्य देखिए पनि समाजशास्त्रीय दृष्टिले निकै गम्भीर संकेत हो । संयुक्त राष्ट्रसंघ र विभिन्न सामाजिक अध्ययनहरूले पछिल्ला वर्षहरूमा डिजिटल निर्भरता बढेसँगै मानिसहरूबीच प्रत्यक्ष संवाद घट्दै गएको देखाएका छन् । विशेषगरी युवापुस्तामा "सामाजिक दूरी" केवल भौतिक मात्र होइन, भावनात्मक रूपमा पनि बढिरहेको तथ्य विभिन्न अनुसन्धानहरूले औंल्याएका छन् । मानिसहरु सामाजिक सञ्जालमा हजारौं साथी बनाइरहेका छन्, तर वास्तविक जीवनमा आत्मीय सम्बन्ध घट्दै गइरहेका छन् ।

नेपालजस्तो संस्कारप्रधान समाजमा अभिवादन केवल शिष्टाचार होइन, सामाजिक संरचनाको आधार थियो । "ढोग गर्ने", "नमस्ते भन्ने", "आशीर्वाद लिने" संस्कृतिले पुस्ताबीच सम्मान र सम्बन्धको पुल निर्माण गरेको थियो । तर अहिले त्यो अभ्यास कमजोर बन्दै गएको छ । मोबाइलमा व्यस्त सन्तान र संवाद खोजिरहेका अभिभावकबीचको दूरी केवल उमेरको होइन, संस्कारको दूरी पनि हो ।

प्रविधि आफैं खराब होइन । यसले संसारलाई नजिक ल्याएको छ, ज्ञानको पहुँच विस्तार गरेको छ, जीवन सहज बनाएको छ । तर जब प्रविधिले मानवीय सम्बन्धलाई विस्थापित गर्न थाल्छ, तब समस्या सुरू हुन्छ । अहिले एउटै घरभित्र बसेका मानिसहरु पनि फरक(फरक स्क्रिनमा हराइरहेका छन् । परिवारसँगको संवाद घट्दै गएको छ । चाडपर्वमा सामूहिक भेटघाटभन्दा "स्टाटस अपडेट" बढी महत्वपूर्ण हुन थालेको छ ।

अभिवादनको शैली बदलिनु केवल व्यवहारको परिवर्तन मात्र होइन, त्यो समाजको भावनात्मक संरचना बदलिनुको संकेत पनि हो । जब मानिसले मानिसलाई हेर्न छोड्छ, तब सम्बन्धहरु पनि औपचारिक बन्दै जान्छन् । आँखामा आँखा जुधाएर गरिने नमस्कारमा जुन विश्वास, सम्मान र आत्मीयता हुन्थ्यो, त्यो इमोजी र डिजिटल प्रतिक्रियाले कहिल्यै दिन सक्दैन ।

हामीले आज प्रविधिको प्रयोग गरिरहेका छौं, तर कतै प्रविधिले हामीलाई प्रयोग त गरिरहेको छैन ? यो प्रश्न अब गम्भीर रूपमा सोच्नुपर्ने बेला आएको छ । यदि यही अवस्था रहिरह्यो भने भविष्यमा मानिसहरु एउटै कोठामा बसेर पनि भावनात्मक रूपमा टाढा हुनेछन् । सम्बन्ध रहनेछन्, तर सम्बन्धमा आत्मा हराउनेछ ।

त्यसैले अब आवश्यक छ( प्रविधिसँगै मानवीय संस्कारको संरक्षण । आधुनिक बन्नु गलत होइन, तर आधुनिकताको नाममा आत्मीयता गुमाउनु दुःखद हो । हामीले फेरि मुस्कान फर्काउनुपर्छ । नमस्कारलाई केवल औपचारिक शब्द होइन, हृदयको भाषा बनाउनुपर्छ । बालबालिकालाई केवल मोबाइल चलाउन होइन, सम्मानपूर्वक अभिवादन गर्न पनि सिकाउनुपर्छ ।

किनकि समाज प्रविधिले होइन, सम्बन्धले टिक्छ । र सम्बन्धको पहिलो आधार हो( आत्मीय अभिवादन ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
प्रचिन विष्ट
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

# देशभर हिंसात्मक अपराध बढ्दै

काठमाडौं । देशभर चक्कु प्रहार तथा ज्यानसम्बन्धी अपराधका घटनामा उल्लेख्य वृद्धि भएको छ । प्रहरी तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को वैशाख २० गतेसम्म मात्रै काठमाडौं उपत्यकामा ५८ वटा धारिलो हतियार प्रयोगका घटना भएका छन् भने देशभर ३४८ वटा चक्कु प्रहारका घटना दर्ता भएका छन् ।

प्रहरीका अनुसार सामान्य विवाद, लागूऔषध दुर्व्यसन तथा युवामा बढ्दो आक्रामक मानसिकता अपराध वृद्धिका प्रमुख कारण बनेका छन् । पछिल्ला वर्षहरूमा ज्यानसम्बन्धी अपराध पनि निरन्तर बढ्दै गएको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७९/८० मा ५०१ कर्तव्य ज्यानका घटना भएका थिए भने २०८०/८१ मा त्यो संख्या बढेर ५७६ पुगेको थियो । चालु आर्थिक वर्षको नौ महिनामै ४१८ हत्या भइसकेका छन् ।

हालैका केही घटनाहरूले सुरक्षा चुनौती झनै गम्भीर बनाएको छ । कीर्तिपुरको चोभारमा सुजन शाही समूहले २२ वर्षीय विपिन घिमिरेको चक्कु प्रहार गरी हत्या गरेको आरोपमा चार जनालाई पक्राउ गरिएको छ भने फरार रहेका शाहीलाई पछि गोली प्रहार गरेर नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

त्यस्तै, ललितपुरको पाटनमा भाषाका दुई दाजुभाइको हत्या, तारकेश्वरमा चक्कु प्रहारबाट गम्भीर घाइते हुने घटना लगायतले राजधानीमै असुरक्षा बढेको संकेत गरेको छ ।

प्रहरी अनुसन्धानअनुसार धेरैजसो घटनामा सामान्य विवादले हिंसात्मक रूप लिने गरेको देखिएको छ । विज्ञहरूले लागूऔषध दुर्व्यसन, पारिवारिक असन्तुलन, सामाजिक दबाब र युवामा बढ्दो निराशा अपराध वृद्धिका प्रमुख कारण भएको बताउँदै आएका छन् ।

## पूर्वमा लागूऔषध कारोबारमा वृद्धि, ११ जना पक्राउ

दमक । कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा लागूऔषध कारोबार र ओसार(प्रसारमा संलग्न ११ जना एकै दिनमा पक्राउ परेका छन् । पछिल्लो समय पूर्वी नेपालमा लागूऔषधको नेटवर्क सक्रिय बन्दै गएपछि प्रहरीले विशेष निगरानी तथा कारबाही तीव्र पारेको हो । वडा प्रहरी कार्यालय भद्रपुर र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले भद्रपुर-५ का २९ वर्षीय जहागी शेखलाई २ ग्राम ३०० मिलिग्राम लागूऔषधसहित पक्राउ गरेको छ । त्यस्तै, मेचीनगर-१० धुलाबारीका २७ वर्षीय गुलाम रसुल मियालाई १ ग्राम ६०० मिलिग्राम र इलाम माईजोगमाई-१ घर भई बिर्तामोड बस्ने २४ वर्षीय फुर्वा तामाङलाई ३ ग्राम ६१० मिलिग्राम लागूऔषधसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । झिलझिले इलाका प्रहरी कार्यालयले शिवसताक्षी-९ की ४३ वर्षीया आशा चौधरीलाई ५८६ ग्राम गाँजासहित पक्राउ गरेको छ । यस्तै, सुनसरीमा इटहरी-१ की ३६ वर्षीया प्रगती खतिवडा र इटहरी-५ का ३१ वर्षीय बिश्वराज राईलाई १० ग्राम ब्राउन सुगरसहित इनरुवा-४ बाट पक्राउ गरिएको छ । इटहरी इलाका प्रहरी कार्यालयले थप तीन जनालाई ११० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ भने मोरङ कानेपोखरीमा स्कुटरमार्फत् ओसारपसार गरिँदै गरेको १२ ग्राम ८८० मिलिग्राम ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका सबै व्यक्तिहरूमाथि थप अनुसन्धान भइरहेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले पछिल्लो समय झापा, मोरङ, सुनसरी, इलाम लगायतका जिल्लामा लागूऔषध कारोबार बढ्दै गएको र त्यसैअनुसार निगरानी तथा अपरेसन तीव्र पारिएको जनाएको छ ।

समग्रमा, लागूऔषध कारोबारदेखि हिंसात्मक अपराधसम्मका घटनाले देशभर सुरक्षा चुनौती गहिरिँदै गएको संकेत गरेको छ ।यो परिवर्तन सामान्य देखिए पनि समाजशास्त्रीय दृष्टिले निकै गम्भीर संकेत हो । संयुक्त राष्ट्रसंघ र विभिन्न सामाजिक अध्ययनहरूले पछिल्लो वर्षहरूमा डिजिटल निर्भरता बढेसँगै मानिसहरूबीच प्रत्यक्ष संवाद घट्दै गएको देखाएका छन् । विशेषगरी युवापुस्तामा "सामाजिक दूरी" केवल भौतिक मात्र होइन, भावनात्मक रूपमा पनि बढिरहेको तथ्य विभिन्न अनुसन्धानहरूले औंल्याएका छन् । मानिसहरु सामाजिक सञ्जालमा हजारौं साथी बनाइरहेका छन्, तर वास्तविक जीवनमा आत्मीय सम्बन्ध घट्दै गइरहेका छन् ।

नेपालजस्तो संस्कारप्रधान समाजमा अभिवादन केवल शिष्टाचार होइन, सामाजिक संरचनाको आधार थियो । "ढोग गर्ने", "नमस्ते भन्ने", "आशीर्वाद लिने" संस्कृतिले पुस्ताबीच सम्मान र सम्बन्धको पुल निर्माण गरेको थियो । तर अहिले त्यो अभ्यास कमजोर बन्दै गएको छ । मोबाइलमा व्यस्त सन्तान र संवाद खोजिरहेका अभिभावकबीचको दूरी केवल उमेरको होइन, संस्कारको दूरी पनि हो ।

प्रविधि आफैं खराब होइन । यसले संसारलाई नजिक ल्याएको छ, ज्ञानको पहुँच विस्तार गरेको छ, जीवन सहज बनाएको छ । तर जब प्रविधिले मानवीय सम्बन्धलाई विस्थापित गर्न थाल्छ, तब समस्या सुरु हुन्छ । अहिले एउटै घरभित्र बसेका मानिसहरु पनि फरक-फरक स्क्रिनमा हराइरहेका छन् । परिवारसँगको संवाद घट्दै गएको छ । चाडपर्वमा सामूहिक भेटघाटभन्दा "स्टाटस अपडेट" बढी महत्वपूर्ण हुन थालेको छ ।

अभिवादनको शैली बदलिनु केवल व्यवहारको परिवर्तन मात्र होइन, त्यो समाजको भावनात्मक संरचना बदलिनुको संकेत पनि हो । जब मानिसले मानिसलाई हेर्न छोड्छ, तब सम्बन्धहरु पनि औपचारिक बन्दै जान्छन् । आँखामा आँखा जुधाएर गरिने नमस्कारमा जुन विश्वास, सम्मान र आत्मीयता हुन्थ्यो, त्यो इमोजी र डिजिटल प्रतिक्रियाले कहिल्यै दिन सक्दैन ।

हामीले आज प्रविधिको प्रयोग गरिरहेका छौं, तर कतै प्रविधिले हामीलाई प्रयोग त गरिरहेको छैन ? यो प्रश्न अब गम्भीर रूपमा सोच्नुपर्ने बेला आएको छ । यदि यही अवस्था रहिरह्यो भने भविष्यमा मानिसहरु एउटै कोठामा बसेर पनि भावनात्मक रूपमा टाढा हुनेछन् । सम्बन्ध रहनेछन्, तर सम्बन्धमा आत्मा हराउनेछ ।

त्यसैले अब आवश्यक छ– प्रविधिसँगै मानवीय संस्कारको संरक्षण । आधुनिक बन्नु गलत होइन, तर आधुनिकताको नाममा आत्मीयता गुमाउनु दुःखद हो । हामीले फेरि मुस्कान फर्काउनुपर्छ । नमस्कारलाई केवल औपचारिक शब्द होइन, हृदयको भाषा बनाउनुपर्छ । बालबालिकालाई केवल मोबाइल चलाउन होइन, सम्मानपूर्वक अभिवादन गर्न पनि सिकाउनुपर्छ ।

किनकि समाज प्रविधिले होइन, सम्बन्धले टिक्छ । र सम्बन्धको पहिलो आधार हो( आत्मीय अभिवादन ।

## जानी राखौं




१. काम पर्दा मात्र सम्पर्क गर्छन् ।
२. आफ्नो फाइदामात्र हेर्छन्।
३. अरुको भावना बुझ्न चाहँदैनन्।
४. सहयोग पाएपछि धन्यवाद पनि दिँदैनन् ।
५. गल्ती सधैं अरुमाथि थोपर्छन्।
६. तपाई सफल हुँदा खुसी हुँदैनन्।
७. आवश्यक पर्दा बहाना बनाएर टाढा भाग्छन्।
८. मीठो बोल्छन् तर व्यवहार फरक हुन्छ।
९. सम्बन्धभन्दा पैसालाई बढी महत्व दिन्छन्।
१०. तपाईंको कमजोरीलाई आ`नो फाइदाका लागि प्रयोग गर्छन् ।

### के कारणले यस्तो गर्नु हुन्न ?

- घरभित्र सिटी बजाउनु हुँदैन।
- राति नङ काट्नु हुँदैन।
- राति झाडु लगाउनु हुँदैन ।
- राति ऐना हेर्न हुँदैन ।
- कुच्चो ठाडो राख्नु हुँदैन।
- भाँचिएको ऐना घरमा राख्नु हुँदैन।
- ढोकाको सँघारमा बसेर खाना खान हुँदैन ।
- जुत्ता चप्पल घोप्टो पारेर राख्नु हुँदैन ।
- घाम डुबेपछि फोहर फाल्नु हुँदैन ।
- दाह्री, कपाल नकाटी पितृ कर्म गर्नु हुँदैन।
- साँझ पर्ने बेला सुत्नु हुँदैन ।
- तीनवटा दाउरा लिएर भित्र पस्नु हुँदैन।
- दुईवटा कुच्चो एउटै ठाउँमा राख्नु हुँदैन।
- खाना खाँदा प्लेट बजाउनु हुँदैन ।
- घरको मान्छे प्रदेश जाँदा ढोका बन्द गर्नु हुँदैन।
- शनिबार आमाछोरी छुट्नु हुँदैन ।

नेपालमा प्रचलनमा आएका यि संस्कार र संस्कृतिले हरेक मानिसमा कुनै कुनै रूपमा असर पुर्‍याएको छ । यस्ता संस्कार र संस्कृतिलाई मानेर जाँदा आफ्नो घरपरिवारको सुख, शान्ति र समृद्धिमा मतद पुग्ने पुराना इतिहासका साक्षी बनेका ज्येष्ठ नागरिक बताउँछन ।

## पुस्तक साभार



### नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

### एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

क्रमागत....

**नुवाकोटमाथि पहिलो आक्रमण**

बनारसमा पृथ्वीनारायण शाहले आफ्नो भारद्वाज गोत्र त्याग गरी कश्यप गोत्र लिए । बनारसमा जाजरकोटका राजा हरि शाहसँग उनको भेट भयो। गोर्खा र जाजरकोटबीच एउटा धर्मसन्धि गरियो । त्यसमा गोर्खा र जाजरकोटले एकअर्काको कुभलो नचिताउने, एकअर्काका शत्रुलाई सहयोग नगर्ने र एकअर्काको राज्य नहड्पने जस्ता शर्तहरु थिए । बनारस यात्रा सम्पन्न गरी आ`ना ससुराका मदतले केही हातहतियार र कालिगढ समेत साथ लिई बुटवल, पाल्पा हुँदै उनी आ`नो भ्रमण दलका साथ गोर्खा आइपुगे । यस यात्राको क्रममा उनले भारतीय राज्यहरूका साथै चौबीसे राज्यहरूको राजनीतिक वस्तुस्थितिको राम्रो अध्ययन गरे ।

(२) कालु पाण्डेलाई काजी पद- विजय अभियान सञ्चालन गर्न एक योग्य काजीको आवश्यकता महसुस भइरहेको थियो । बनारस यात्राका बखत राम्रो सेवा पुऱ्याएकाले पृथ्वीनारायण शाह विराज बखेतीलाई काजी पद प्रदान गर्न चाहन्थे। तर जेठी राजमाता चन्द्रप्रभावती र गोर्खाली जनता कालु पाण्डेका पक्षमा देखिए । छिमेकी राज्यहरूले पनि कालु पाण्डे काजी भएमा मित्रता अझ बलियो हुने आशय व्यक्त परे। गोर्खा र लमजुङबीच मैत्री सम्बन्ध सम्पन्न गर्दा कालु पाण्डेले आफ्नो योग्यता देखाएका थिए । पृथ्वीनारायण शाह बनारस गएको बेलामा पनि उनले गोर्खाको प्रशासन राम्रोसँग बताएका थिए । यसर्थ पृथ्वीनारायण शाहले कालु पाण्डेलाई गोर्खाको काजी पद प्रदान गरे। उनको पूरा नाम वंशीधर पाण्डे हो। कालु पाण्डे बोलाउने नाम हो। उनी गोर्खा राज्यका संस्थापक द्रव्य शाहका प्रमुख सहयोगी गणेश पाण्डेका वंशज थिए । उनका पिताको नाम भीमराज पाण्डे हो।

(३) हातहतियार र सैनिक प्रबन्ध बनारसबाट पृथ्वीनारायण शाहले केही बन्दुक, बारुद र पालसमेत ल्याएका थिए । उनले शेख जबर, मुहम्मद ताकी र बेखसिंह नाम गरेका तीन जना बन्दुक र बारुद बनाउन जान्ने कालिगढ पनि साथमा ल्याएका थिए । त्यस बखत पहाडखण्डमा बन्दुकको प्रचलन भइसकेको थिएन । तसर्थ युद्ध प्रयोजनका लागि बन्दुकको ठूलो महत्व थियो। बन्दुक, बारुद, सुंडा र खुकुरी बनाउने कारखानाहरु गोर्खामा नै खोलिए। गोर्खाली कामीका आरनहरु हातहतियार बनाउने कारखानामा परिणत गरिए। हातहतियारका साथै सैनिक प्रबन्धमा पनि विशेष महत्व दिइयो । १६ वर्षमाथि ३० वर्ष ननाघेका सबै जातका गोर्खाली पुरुषले अनिवार्य रूपमा सैनिक सेवा गर्नुपर्ने नियम लागू गरियो। सैनिकहरूलाई जागिरको रूपमा जमिन दिने प्रबन्ध मिलाइयो । नयाँ तरिकाबाट सैनिक सङ्गठन गरी प्रत्येक कम्पनीमा एक सुबेदार, १६ हवल्दार तथा १०० जना बन्दुक र अन्य हतियार बलाउने सैनिक रहने व्यवस्था गरियो । युद्धमा मर्ने सैनिकका परिवारलाई मरवट (पेन्सन) दिने र निजका छोरालाई बाबुको पदमा नियुक्त गर्ने नीति अपनाइयो। यस्ता व्यवस्थाले गर्दा युद्धमा ज्यानको बाजी लगाएर लड्ने सैनिकहरूको अभाव रहेन । क्रमशः...

# खुट्टा गुमे पनि हिम्मत गुमेन


धनकुटाको महालक्ष्मी नगरपालिका-८ का ७५ वर्षीय दलबहादुर पौडेलको खुट्टा काटेर फ्याँकियो । २०६४ सालमा खुट्टाको घाउ निको नभएपछि नहुने उनको खुट्टा नै काटेर फ्याँक्नु परेको थियो ।

खुट्टाको उपचारकै लागि गाउँमा रहेका घर र अलिकति खेतबारी बिक्री गरेपछि उनी घरबार बिहिन बने । उपचारपछि उनी शारीरिक रूपमा न सग्लो रहे, न घरबारी न जोगियो। घरबार र एक खुट्टाविहीन भएपछि जीविकोपार्जन कसरी गर्ने भन्ने चिन्ताले सतायो। उपचार गराएको केही महिनापछि उनी गाउँको बिक्री भएको घर जमिन छोडेर केही माथिको नेता चोकमा बसाइँ सरे । त्यहाँ उनले डोको बुन्ने पेसा सुरु गरे । उनलाई चिनेका साथीभाइले घरसम्म बाँस ल्याउन सहयोग गरेरु। उनी बाँसको चोया बनाई डोको बुन्दै जीविकोपार्जन गर्न थाले । अहिलेसम्म पनि उहाँको जीविकोपार्जनको माध्यम यही डोको बुन्ने सिप बनेको छ ।

डोको बिक्रीबाट प्राप्त भएको र सरकारबाट उपलब्ध हुने भत्ताबाट जिन्दगी धानिरहेको उनको भनाई छ । उनी अलि राम्रो बाँस पाए दुई वटासम्म डोका बनाउन सकिने बताउँछन् । पौडेलका दुई श्रीमती र एक छोरी भए पनि खुट्टा काट्नुभन्दा पहिले नै एउटी श्रीमतीले छोडेको र अर्की श्रीमतीको मृत्यु भएपछि उनी एकल पुरुषका रूपमा छन् । उनकी छोरीको भने विवाह भइसकेको छ ।

सोही स्थानका धनबहादुर श्रेष्ठको पनि दुवै खुट्टा छैनन् । उनी पनि डोकोबाटै जीविकोपार्जन गर्दै आएका छन् । श्रेष्ठको टिटनास रोगका कारण १० वर्षपहिले दाहिने र पाँच वर्षपहिले देब्रे खुट्टा काट्नु परेको थियो । हिँड्डुल गर्न नसक्ने भएपछि उनले पनि डोको बुन्न सुरु गरे । १० वर्षयता उनी पनि निरन्तर डोको बुन्दै आएका छन् । डोको बुनेको कमाइ र सरकारले दिने भत्ताबाट श्रीमतीको डिप्रेसनको उपचार र घरखर्चको जोहो हुँदै आएको श्रेष्ठ बताउँछन् । उनी युवालाई पनि सिप सिक्न सुझाउँदै सिप सिके जस्तोसुकै अवस्थामा पनि जिउन सहज हुने सुझाव दिन्छन् ।

## सुनचाँदीको मूल्यमा गिरावट



दमक । नेपाली बजारमा बिहीबार सुनचाँदीको मूल्य घटेको छ। बुधबारको तुलनामा आज सुन तोलामा पाँच हजार पाँच सय र चाँदी दुई सय १५ रुपैयाँले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज सुन प्रतितोला दुई लाख ८५ हजार रुपैयाँमा किनबेच भइरहेको छ। बुधबार सुन प्रतितोला दुई लाख ९० हजार पाँच सय रुपैयाँमा कारोबार भएको थियो। यस्तै, बिहीबार चाँदी चार हजार आठ सय ६५ रुपैयाँमा किनबेच भइरहेको छ। बुधबार चाँदी प्रतितोला पाँच हजार ८० रुपैयाँमा कारोबार भएको थियो।

## भारतबाट रोहिंगिया धपाएपछि पूर्वी सीमावर्ती नाकामा सुरक्षा निगरानी

दमक । भारतको पश्चिम बंगालमा रोहिंगिया र बंगलादेशी मुसलमानविरुद्ध कडाइ बढेपछि उनीहरु नेपाल प्रवेश गर्न सक्ने आशंकामा झापासहित पूर्वी सीमावर्ती नाकामा सुरक्षा निगरानी कडा पारिएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भारतबाट नेपाल आउने व्यक्तिलाई परिचयपत्र अनिवार्य गरिएको छ । भारतीय गृह मन्त्रालयले पश्चिम बंगालमा आइपीएस अजय पाल शर्मालाई नियुक्त गरेपछि त्यहाँ अवैध रूपमा बस्दै आएका रोहिंगिया र बंगलादेशी मुस्लिमहरु पलायन हुन थालेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । खुला सीमाका कारण उनीहरु नेपाल छिर्न सक्ने जोखिम बढेको सुरक्षा निकायको भनाइ छ ।

प्रहरीका अनुसार रोहिंगिया र बंगलादेशी नागरिकको पहिचान गर्न कठिन भएकाले सीमावर्ती क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ । झापाका केही मुस्लिम बस्तीमा उनीहरु लुकेर बसेको हुन सक्ने आशंका गरिए पनि त्यसबारे आधिकारिक पुष्टि नभएको प्रहरीले जनाएको छ । यसअघि पनि बिना परिचयपत्र नेपाल प्रवेश गर्न खोज्ने दुई बंगलादेशी नागरिक काँकडभिट्टाबाट पक्राउ परेका थिए । मोरङको जोगबनी नाकासहित अन्य सीमाक्षेत्रमा समेत निगरानी बढाइएको छ । सुरक्षा निकायले अवैध घुसपैठले धार्मिक कट्टरता तथा अपराध बढ्न सक्ने चिन्ता व्यक्त गर्दै सीमा नियन्त्रणमा विशेष ध्यान दिएको जनाएको छ ।

## अंगदाता सम्मानित



दमक । किष्ट शिक्षण अस्पताल अन्तर्गत रहेको किष्ट प्रत्यारोपण केन्द्रले 'अंगदाता सम्मान कार्यक्रम' सम्पन्न गरेको छ। मानव जीवन बचाउने महान कार्यमा योगदान पुऱ्याउने अंगदाताप्रति सम्मान र कृतज्ञता व्यक्त गर्ने उद्देश्यले आयोजना गरेको कार्यक्रममा २०० भन्दा बढी अंगदातालाई सम्मान गरिएको थियो ।

कार्यक्रमको उद्घाटन ललितपुर महानगरपालिकाका नगर प्रमुख तथा उपत्यका मेयर फोरमका अध्यक्ष चिरीबाबु महर्जनले गरेका थिए ।

कार्यक्रममा उपत्यकाका विभिन्न नगर प्रमुख, नेपाल सरकारका उच्च पदस्थ व्यक्तित्व, स्वास्थ्यकर्मी, प्रत्यारोपण विशेषज्ञ, बिरामी तथा अंगदाताहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

# सार्वजनिक सवारी दर्ता रोकिँदा बढ्यो अन्योल

दमक । सरकारले सार्वजनिक यातायात क्षेत्रलाई व्यवस्थित र वैज्ञानिक बनाउने उद्देश्यसहित नयाँ सार्वजनिक सवारीसाधन दर्ता रोक्ने निर्णय गरेपछि त्यसको प्रभाव र औचित्यमाथि प्रश्न उठ्न थालेको छ । यातायात व्यवस्था विभागले जेठ ८ गतेदेखि अर्को सूचना जारी नभएसम्म नयाँ सार्वजनिक सवारी दर्ता रोक्न प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको हो ।


विभागले बढ्दो वायु प्रदूषण, ट्राफिक जाम, सडक चाप र अव्यवस्थित यातायात व्यवस्थापनलाई निर्णयको मुख्य कारण बताएको छ । सरकारले सडक पूर्वाधार, व्यवस्थापन प्रणाली र सार्वजनिक यातायात नीति सवारीको चापअनुसार अघि बढ्न नसकेको स्वीकार गर्दै कानुनी व्यवस्था प्रयोग गरी दर्ता रोकिएको जनाएको छ ।

तर, व्यवसायी र सरोकारवालाले भने निर्णयमाथि प्रश्न उठाएका छन् । उनीहरूका अनुसार समस्या सार्वजनिक सवारीको संख्या नभई निजी सवारीको अत्यधिक प्रयोग, कमजोर सडक पूर्वाधार र अव्यवस्थित सहरीकरण हो । पछिल्ला सरकारी तथ्यांकअनुसार देशभर दर्ता भएका करिब ५५ लाख सवारीमध्ये झन्डै ७५ प्रतिशत दुईपांग्रे निजी सवारी साधन छन् ।

काठमाडौं उपत्यकामा सार्वजनिक यातायात अभावकै कारण यात्रुले दैनिक भीड, बस अभाव र असुविधा भोगिरहेका छन् । यस्तो अवस्थामा सार्वजनिक सवारी थप विस्तार गर्नुपर्नेमा नयाँ दर्ता रोक्नुले झन् सेवा प्रभावित हुने व्यवसायीको तर्क छ ।


खड्ग बहादुर खड्काको कविता संग्रह

ज्वाला




विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क नम्बर : ९८४४६८०४९९


## दैनिक राशिफल



आज मिति
२०८३ साल
जेठ १५ गते
शुक्रबार
29 May 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्यामपस मोड, सगरमाथा आयल निजक, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे चो ला लि लु ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दुःख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | ही हु हे हो डा डि डु डे डो | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पि पु ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | रा रि रु रे रो ता ति तु ते | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | ये यो भा भि भु धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खु खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गु गे गो सा सी सु से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# बराह सहकारी पीडितले गुहारे रवि

**धरान/** बराह बचत तथा ऋण सहकारी संस्था का पीडितहरु आ`नो डुबेको अर्बौं रूपैयाँ फिर्ता गराइदिन माग गर्दै संघीय राजधानी काठमाडौं पुगेका छन्। उनीहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई चुनावी घोषणापत्रमा गरिएको '१०० दिनभित्र सहकारी पीडितको रकम फिर्ता गराउने' प्रतिबद्धता स्मरण गराउँदै न्यायको माग गरेका हुन्।

बराह सहकारी पीडित समन्वय समितिका अध्यक्ष श्यामप्रसाद ढकाल नेतृत्वको टोलीले सिंहदरबारस्थित रास्वपाको संसदीय दलको कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाएको हो। सभापति रवि लामिछाने व्यस्त रहेका कारण रास्वपाका सचेतक कवीन्द्र बुर्लाकोटीलगायत पदाधिकारीमार्फत ज्ञापनपत्र दर्ता गरिएको पीडितहरूले बताएका छन् ।

पीडित प्रदीप बास्तोलाका अनुसार रास्वपाले चुनावताका सहकारी बचतकर्ताको रकम १०० दिनभित्र फिर्ता गराउने वाचा गरेकाले आफूहरु आशावादी बनेका थिए । तर अहिले सरकार र सम्बन्धित मन्त्रालयले संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने २३ वटा सहकारीको मात्रै काम भइरहेको बताउँदा पीडितहरु निराश बनेका छन्। बराह सहकारी भने धरान उपमहानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने भएकाले आफ्नो समस्या समाधान अन्योलमा परेको उनीहरूको गुनासो छ ।

समितिका अनुसार बराह सहकारीमा करिब ८ देखि १० हजार बचतकर्ताको ११ अर्ब रूपैयाँभन्दा बढी रकम फसेको छ। २०७८ मंसिरदेखि नै सहकारीले बचत फिर्ता गर्न छाडेको थियो। पीडितहरूले भविष्यका लागि बचत गरेको रकम डुबेपछि आर्थिक तथा मानसिक संकट भोग्नुपरेको बताएका छन् ।

ज्ञापनपत्रमा सहकारीका अध्यक्ष मानबहादुर विश्वकर्मा, सञ्चालक अमरबहादुर विश्वकर्मा र गंगाबहादुर कालिकोटेलगायत फरार व्यक्तिलाई पक्राउ गरी कानुनी कारबाही गर्न माग गरिएको छ। धरान उपमहानगरपालिकाले २०७९ भदौमै सहकारीलाई संकटग्रस्त घोषणा गरे पनि व्यवस्थापन समिति गठन हुन नसक्दा पीडितहरूले अझै न्याय पाउन सकेका छैनन् ।

## लेवनानी भाग खाली गर्न चेतावनी

**एजेन्सी/** इजरायली सेनाले दक्षिणी लेबनानको ठूलो भाग खाली गर्न आदेश दिएको छ । इजरायली रक्षा बल ( आईडीएफ) ले त्यहाँका बासिन्दालाई जहरानी नदीको उत्तरतिर सर्न भनेको हो । हेजबुल्लाहलाई बारम्बार युद्धविराम उल्लङ्घन गरेको भन्दै आईडीएफले अत्यन्त कडाइका साथ कारबाही गर्ने चेतावनी दिएको छ ।

हिजबुल्लाहले भने इजरायलमाथि नै युद्धविराम तोडेको आरोप लगाएको छ । हिजो इजरायली सेनाले दक्षिणी सहर टायरमा हवाई आक्रमण गरेको थियो ।

# कमजोर नियमन र राजनीतिक हस्तक्षेप सहकारी क्षेत्रको समस्या

**दमक/** सहकारीमा भएको बेथिति जाँचबुझ गर्न गठित आयोगले कमजोर नियमन र राजनीतिक हस्तक्षेप सहकारी क्षेत्रको समस्याका रुपमा पहिचान गरेको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आयोगको प्रतिवेदनमा सहकारी क्षेत्रमा देखिएको संकटको मुख्य कारण कमजोर नियमन, राजनीतिक हस्तक्षेप र अपारदर्शी सञ्चालन रहेको निष्कर्ष निकालेको छ।

प्रतिवेदनमा सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र तथा शाखा विस्तार गर्दा पर्याप्त अध्ययन र मापदण्डबिना स्वीकृति दिइएको उल्लेख छ।

केही सञ्चालकहरूले सहकारीको मूल उद्देश्यभन्दा विचलित हुँदै बचतकर्ताको रकम हिनामिना, दुरुपयोग तथा अपारदर्शी कारोबार गरेको प्रतिवेदनको निष्कर्ष छ।

प्रतिवेदनले बहु-नियामक निकायबीच समन्वय अभाव, प्रभावकारी सूचना प्रणालीको कमी, वित्तीय अनुशासनहीनता, कमजोर सुशासन तथा दक्ष जनशक्तिको अभावलाई पनि सहकारी क्षेत्रको समस्याको प्रमुख कारण मानेको छ। आयोगले सहकारी सञ्चालक तथा व्यवस्थापकहरूको राजनीतिक आबद्धता र प्रत्यक्ष तथा अप्रत्यक्ष राजनीतिक हस्तक्षेपले पनि वर्तमान सङ्कट निम्त्याएको निष्कर्ष निकालेको छ।

प्रतिवेदन सार्वजनिक गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी क्षेत्रमा सुधारका लागि प्रतिबद्धता जनाएको छ। मन्त्रालयले सहकारी अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउने, ऐन तथा नियम संशोधन गर्ने र बचत फिर्ता तथा कर्जा असुलीलाई प्राथमिकतामा राखेर सुधारका काम अघि बढाइएको पनि जनाएको छ।

# आयोगको प्रतिवेदन कार्यान्वयन गर्न कांग्रेसको माग

दमक । नेपाली कांग्रेसले गत भदौ २३-२४ गतेको आन्दोलनसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनलाई सरकारले गम्भीर रूपमा कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

आयोगले प्रतिवेदन सार्वजनिक गरेको भोलिपल्ट बिहीबार विज्ञप्ति जारी गर्दै कांग्रेसले आन्दोलनका क्रममा भएको हिंसा, अत्यधिक बल प्रयोग तथा त्यसमा संलग्न व्यक्ति र निकायमाथि निष्पक्ष अनुसन्धान र कारबाही अघि बढाउन सरकारसँग माग गरेको हो । पार्टी प्रवक्ता देवराज चालिसेद्वारा जारी विज्ञप्तिमा विगतको सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अधुरो, अपूर्ण र अस्पष्ट रहेको कांग्रेसको पुरानो धारणा मानव अधिकार आयोगको प्रतिवेदनले समेत पुष्टि गरेको दाबी गरिएको छ ।

कांग्रेसले मानव अधिकार आयोगले स्वयं कार्की आयोगकै अध्यक्षमाथि समेत सूक्ष्म अनुसन्धान गर्नुपर्ने उल्लेख गरेको भन्दै उक्त आयोगको निष्पक्षतामाथि थप प्रश्न उठेको जनाएको छ । साथै, आम निर्वाचनअघि प्रतिवेदन सार्वजनिक नगरिनुमा नियोजित उद्देश्य रहेको आफ्नो आशंकालाई पनि नयाँ प्रतिवेदनले बल पुगेको कांग्रेसको भनाइ छ ।

विज्ञप्तिमा आन्दोलनको प्रारम्भिक चरण संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण विरोध र सुशासनको मागसँग सम्बन्धित रहेको आयोगको निष्कर्षलाई महत्त्वपूर्ण भनिएको छ । तर त्यसपछि आन्दोलनमा योजनाबद्ध रूपमा हिंसात्मक घुसपैठ भएको, सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट तथा हत्या जस्ता गतिविधि भएको प्रतिवेदनले देखाएको कांग्रेसले जनाएको छ । कांग्रेसले हिंसात्मक गतिविधिमा संलग्न भएको आशंकामा राज्यका जिम्मेवार व्यक्ति र सांसदहरूमाथि समेत थप अनुसन्धान र कारबाही गर्न आयोगले औंल्याएको उल्लेख गर्दै जुनसुकै ओहदा वा राजनीतिक पहुँच भए पनि दोषीमाथि निष्पक्ष कारबाही हुनुपर्ने धारणा राखेको छ ।

त्यस्तै, राज्य संयन्त्रको असफलता र सुरक्षा निकायबाट भएको अत्यधिक बल प्रयोगलाई पनि आयोगले मानव अधिकार उल्लंघन भनेको उल्लेख गर्दै दोषी देखिएका व्यक्तिलाई संवैधानिक तथा कानूनी दायराभित्र ल्याउन माग गरिएको छ । कांग्रेसले सरकारलाई आधिकारिक धारणा सार्वजनिक गर्न, आयोगले किटान गरेका सांसद, व्यक्ति वा निकायमाथि विधिसम्मत कारबाही अघि बढाउन, पीडित परिवारलाई न्याय र क्षतिपूर्तिको व्यवस्था गर्न तथा निजी क्षेत्रमा भएको क्षतिको उचित व्यवस्थापन गर्न माग गरेको छ ।

***दलहरुको*......** र बदला साँध्ने, सुविधा भोग गर्ने र शासन गर्ने थलोको रूपमा विकास हुँदा नागरिकमा वितृष्णा बढ्ने बाटो तर्फ अघि बढि रहेको छ । कयौ जनप्रतिनिधी र स्थानीय तहका भ्रष्टाचारजन्य मुद्दाहरू सार्वजनिक हुनुले पनि पनि स्थानीय तहको कार्यसम्पादन शैलीलाई अझै नागरिकले सहज रूपमा लिन सकेका छैनन् । त्यसैले गणतन्त्रको उपलब्धीको रूपमा रहेको स्थानीय सरकारलाई नागरिकले 'मेरो सरकार' भन्ने आभाष दिलाउन जरूरी छ ।

विकासको शैलीमा व्यापक परिवर्तन भएको छ । भौतिक पूर्वाधारको विकासले फड्को मारेको छ । सडक सुविधाको पहुँच आश्चर्यजनक रूपमा विकास भएको छ । गणतन्त्रसँगै गाउँ गाउँमा आर्थिक समृद्धी र आयआर्जनका विकल्पहरू विकास हुँदै गएका छन् । तर तिनको दिगोपना प्रति अझै पनि नागरिक ढुक्क हुन सकेका छैनन् ।

**के दिन सकेन ?**

गणतन्त्रले धेरै कुरा त दियो । तर गणतन्त्र माथिनै अविश्वास राख्ने एउटा जमातलाई गणतन्त्र प्रतिनै विश्वास दिलाउन सकेको छैन । अझै पनि गणतन्त्र विरोधी आवाज कमजोर भएको छैन । गणतन्त्र बिरोधी एजेण्डानै बोकेको दल पनि संसदको एउटा अंशको रूपमा जनताबाट सानै आकारमा भए पनि अनुमोदित भएको छ । यस्तै अन्य दलहरूमा समेत अनौपचारीक कुनाबाट कतिपयले गणतन्त्र विरोधी अभिव्यक्ति बेला बेला दिने गरेका छन् ।

यस्तै गणतन्त्रबाट जनताले अपेक्षा गरेको सुशासन, समृद्धि र स्थिरता दिन सकेको छैन । यतिका वर्षमा सरकार पटक-पटक फेरिए, जसले दीर्घकालीन विकास योजनामा असर गऱ्यो । भ्रष्टाचार, नातावाद र शक्ति संघर्षले राज्यप्रति जनविश्वास कमजोर बनायो । युवाले देशमै अवसर नपाउँदा लाखौं नागरिक वैदेशिक रोजगारीमा निर्भर हुन बाध्य भए । शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार भए पनि गुणस्तरमा अझै असमानता छ । गणतन्त्रले शिक्षा र स्वास्थ्यमा पहुँच त विस्तार गऱ्यो तर समता कायम गर्न नसक्दा नागरिकका लागि सवै भन्दा बढि व्यभारको विषयनै शिक्षा र स्वास्थ्य बनि रहेको छ ।

गणतन्त्रपछि जनता समृद्ध जीवन, रोजगार, उत्पादनमुखी अर्थतन्त्र र निष्पक्ष प्रशासनको अपेक्षामा थिए । तर राजनीतिक दलहरु प्रायः सत्ता समीकरणमै केन्[illegible]त हुँदा जनआकांक्षा पछाडि परेको अनुभूति धेरै नागरिकमा छ । यही कारण अहिले विशेषगरी युवा पुस्तामा असन्तुष्टि र वैकल्पिक सोचको विकाश हुँदा गत भदौको उथल पुथल हुन पुग्यो ।

गणतन्त्रको सफलता केवल व्यवस्था परिवर्तनमा सीमित नभई नागरिकको जीवनमा समेत परिवर्तन गराउन सक्ने खोजेका हुन्, जनताले । यहि गणतन्त्र र यहि संविधान अनुसार एउटै दललाई स्पष्ट बहुमत ल्याउन सक्ने अवस्था छैन भनेर बारम्बार भनि रहँदा नेपाली जनताले त्यो भाष्यलाई गलत सावित गरि दिए । स्पष्ट बहुमत होईन, झण्डै दुई तिहाई एउटै दललाई खन्याई दिए । यसको अर्थ समस्या संविधानमा होईन, दलहरूको कार्यशैलीमा छ भन्ने अनुभुति दिलाएका छन् नागरिकले । तर विभिन्न कालखण्डमा यसैगरि विभिन्न दल र नेतृत्व स्थापित हुँदै र पाखा लाग्दै पनि आएका छन् । त्यसैले पछिल्लो परिवर्तनलाई परीक्षणको विषय मात्र हुनबाट जोगाउन जनआकांक्षा र भावनाको उचित संवोधन, जीवनमा परिवर्तन दिलाउन भने आवश्यक छ ।

## २६ घर पहिरोको जोखममा

**फिदिम/** पाँचथरको याङवरक गाउँपालिका-१ च्याङथापूका विभिन्न स्थानमा पहिरो जाँदा छ टोल प्रभावित भएका छन् । बेमौसमी वर्षापछि गत जेठ ८ गते पहिरो जाँदा यहाँका २६ घर उच्च जोखिममा रहेका पाइएको छ।

याङवरक-१ का वडाध्यक्ष राजेन्द्र खालिङ राईका अनुसार पहिरोका कारण साविक च्याङथापू गाविसका छ वडा प्रभावित भएका छन् । यहाँका ठिङ्गेपुर कोप्चे, बिरुवा, पेरुङ्गे, चाम्लिङडाँडा, एकराते, खोलाघारी र सुन्दरपुर टोल पहिरोबाट प्रभावित भएका हुन् । जहाँ २६ घर उच्च जोखिममा रहेका र करिब ७० घर पहिरोको जोखिममा रहेको पाइएको वडाध्यक्ष खालिङले जानकारी दिए। च्याङथापूमा तीन वर्षअघि पनि भीषण वर्षापछि पहिरो गएको थियो ।

## काम नगर्ने निर्माण कम्पनीको बैंक ग्यारेन्टी जफत् प्रक्रियामा

**दमक/** पूर्वाधार विकास कार्यालय खोटाङ ले सम्झौताअनुसार काम नगर्ने ९ वटा निर्माण कम्पनीको बैंक ग्यारेन्टी जफत गर्न सम्बन्धित बैंकहरूलाई पत्राचार गरेको छ । कोशी प्रदेश सरकारअन्तर्गतको उक्त कार्यालयले सडक तथा स्तरोन्नति योजनामा ढिलाइ भएपछि धरौटी जफत प्रक्रिया अघि बढाएको जनाएको छ । सूचना अधिकारी राजत पोखरेलका अनुसार निर्माण अवधि सकिन लाग्दा पनि अधिकांश योजनामा काम सुरू नभएकाले यस्तो कदम चालिएको हो। केही योजनामा भने आंशिक काम मात्रै भएको बताइएको छ ।

बैंक ग्यारेन्टी जफत प्रक्रियामा पर्ने कम्पनीहरूमा सेल्मे कन्स्ट्रक्सन, राना साम्पाङ कन्स्ट्रक्सन प्रालि, एसआर दोर्पा जेभी, विश्वहाङ कन्स्ट्रक्सन, इमो बिल्डर्स प्रालि, पिनाकल इन्जिनियरिङ प्रालि र पिके निर्माण सेवा लगायत रहेका छन् ।

यी कम्पनीहरूले विभिन्न सडक स्तरोन्नति तथा निर्माण योजनाको जिम्मा लिए पनि तोकिएको समयभित्र काम पूरा नगरेको कार्यालयको आरोप छ । योजनाहरूको लागत १२ लाखदेखि ३९ लाख रूपैयाँसम्म रहेको छ । सम्बन्धित बैंकहरूमा नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक र माछापुच्छे बैंक रहेका छन् । कार्यालयका अनुसार निर्माण कम्पनीहरूले सम्झौताअनुसार काम नगरेपछि सार्वजनिक परियोजनामा ढिलाइ भएको र विकास निर्माण प्रभावित बनेको छ । त्यसैले कानुनी प्रक्रिया अनुसार बैंक ग्यारेन्टी जफत गरी थप कारबाही अघि बढाइने जनाएको छ ।

## हात्तीको वच्चा मृत फेला

**इटहरी/** सुनसरीको वराहक्षेत्र नगरपालिका-२ स्थित बीस आरडी क्षेत्रमा पर्ने गहने खोलाको दहमा हात्तीको बच्चा मृत अवस्थामा फेला परेको छ । गहने खोलाको दहमा दलदलमा फसेर जङ्गली हात्तीको बच्चा मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक दिवश कुवँरले जानकारी दिए ।

उनका अनुसार बुधबार राति जब्दी क्षेत्रबाट जङ्गलतर्फ बथानसहित जाँदै गर्दा हात्तीको बच्चा दलदलमा फसेर मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । बिहीबार बिहान हात्तीको बच्चाको शव दहमा टाउको भाग गाडिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । वराहक्षेत्र नगर प्रमुख रमेश कार्कीको उपस्थितिमा प्रहरी र डिभिजन वन कार्यालयको टोली घटनास्थल पुगेर अनुसन्धान सुरू गरेको छ ।

## मोटरसाइकल दुर्घटनामा युवकको ज्यान गयो

**फिदिम/** पाँचथरको फिदिम नगरपालिका-८, मान्द्रेभिरमा मोटरसाइकल दुर्घट्ना हुँदा युवकको ज्यान गएको छ। ज्यान गुमाउनेमा फिदिम-८ का ३३ वर्षीय दिपेन गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ। गुरुङ फिदिम नगरपालिका-८, इथुङदेखि घुमाउने टारस्थित घरमा आउँदै गर्दा बुधबार साँझ दुर्घटनामा परेका थिए। नम्बर एकिन नभएको अनटेस्ट मोटरसाइकलमा सवार गुरुङको मोटरसाइकलसँगै भिरमा खस्दा घट्नास्थलमै ज्यान गएको प्रहरीको भनाइ छ। दुर्घटनामा परेका गुरुङको शव उद्वार गरी राति १ बजे पाँचथर अस्पतालमा ल्याइएको छ। मोटरसाइकल अझै पनि भिरबाट निकाल्न नसकिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख अनिषकुमार कर्णले जानकारी दिए।

## रास्वपा सांसद सगरमाथा शिखरमा

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य मिङमा डेभिड शेर्पाले संघीय संसद्को 'लोगो' सहित सगरमाथा आरोहण गरेका छन्। उनले बुधबार बिहान ५:४० मा सगरमाथाको आरोहण गरेका छन्। सांसद शेर्पाले 'बेसक्याप' फर्किएपछि बुधबार साँझ आ`नो सामाजिक सञ्जाल फेसबुकमार्फत नवौं दिनमा सगरमाथाको सफल आरोहण गरेको पोष्ट गरेका थिए। 'सदनदेखि शिखरसम्म' भन्ने नाराका साथ सांसद शेर्पा सगरमाथा आरोहण गरेका थिए। उनले आ`नो सगरमाथा आरोहरणमा सहयोग पुऱ्याउने सभामुख डोलप्रसाद अर्याल सहित सबैमा आभार व्यक्त गरेका छन्।

***बकर इद*....** *महिना जिल हिज्जाको १०औँ दिन बकर इद मनाइन्छ।*

*यस दिन पशु कुर्बानी दिने धार्मिक परम्परा रहिआएको छ। नमाजपछि कुरआन पाठ र विशेष धार्मिक विधि पूरा गरी कुर्बानी गरिन्छ। मौलाना जमिल फलाहीका अनुसार कुर्बानीको मासु तीन भागमा बाँड्ने प्रचलन छ_एक भाग आफ्ना लागि, एक भाग आफन्तका लागि र अर्को भाग गरिब तथा विपन्नका लागि। यसले सामाजिक सद्भाव र सहकार्यलाई बलियो बनाउने धार्मिक मान्यता रहेको छ।*

*यस अवसरमा खसी, बोका, राँगा, भेडा तथा च्याङ्ग्रा कुर्बानी दिइएको छ। आर्थिक अवस्थाअनुसार एक वा बढी पशु कुर्बानी दिने चलन छ भने कुर्बानी गर्न नसक्नेहरूलाई पनि मासु बाँड्ने परम्परा रहेको छ।*

*धार्मिक मान्यताअनुसार कुर्बानीका लागि प्रयोग गरिने पशु स्वस्थ हुनुपर्ने, रगत तथा केही भाग उपभोग नगर्ने नियम रहेको छ। छाला मस्जिद र मदरसामा दिने प्रचलन पनि छ।*

*बकर इद तीन दिनसम्म मनाइने पर्व हो, जसमा आफन्त भेटघाट, खानपान र शुभकामना आदानप्रदान गर्ने चलन रहिआएको छ। मुस्लिम समुदायले यस पर्वलाई सामाजिक एकता र धार्मिक आस्थाको प्रतीकका रूपमा मनाउने गरेका छन्।*

***आर्थिक*.....** छुट्टै नयाँ चिकित्सक नभई पहिले नै एमबीबीएस वा बीडीएस चिकित्सकका रूपमा दर्ता भइसकेका व्यक्ति हुन् ।

काउन्सिलका अधिकारीहरूका अनुसार एमडी, एमएस वा एमडीएस उपाधि हासिल गरेपछि चिकित्सकहरूले विशेषज्ञ दर्ता मात्र प्राप्त गर्छन्, नयाँ चिकित्सकका रूपमा पुनः दर्ता हुँदैनन् । तर आर्थिक सर्वेक्षण तयार गर्ने क्रममा विशेषज्ञ चिकित्सकलाई छुट्टै नयाँ दर्ताका रूपमा गणना गरिएकाले संख्या कृत्रिम रूपमा बढेको देखिएको हो। काउन्सिलले यसलाई प्राविधिक तथा प्रणालीगत वर्गीकरण नबुझ्दा भएको त्रुटि हुन सक्ने जनाएको छ ।

***नेकपा*.....** गरिएको छ । सुशासन, वित्तीय अनुशासन तथा बेरूजु व्यवस्थापनमा कडाइ गरिने पनि कार्यदिशामा समेटिएको छ । नेकपा नेता अग्निप्रसाद सापकोटा का अनुसार भेला विचार, विधि, प्रविधि र संगठन गरी चार मुख्य एजेन्डामा केन्द्रित थियो। उनले पार्टीले निर्वाचनअघि आन्तरिक सुदृढीकरण र संगठन समायोजनलाई पूर्णता दिने बताए। साथै, नयाँ राजनीतिक शक्तिसँग स्वस्थ प्रतिस्पर्धा गर्न पार्टी तयार रहेको उल्लेख गर्दै दलित, महिला, आदिवासी जनजाति र सुकुम्वासीका मुद्दामा थप केन्द्रित हुने प्रतिबद्धता जनाए ।

भेलामा सातै प्रदेशका इन्चार्ज, संयोजक, जिल्ला समन्वय समिति प्रमुख, नगर प्रमुख तथा गाउँपालिका अध्यक्षसहित करिब १५० जनाको सहभागिता रहेको थियो । भेलाले स्थानीय तहमा नमुना र उदाहरणीय काम गर्दै समाजवाद उन्मुख नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने संकल्प पनि गरेको छ ।

***भुटानी*....** समिति" बनाइँदा शरणार्थी पहिचान नै संकटमा पर्ने चिन्ता व्यक्त गरिएको छ। उनीहरूले पुरानो नाम यथावत् राख्न पनि माग गरेका छन्। शरणार्थीहरूले भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्रीसँग समेत यो विषय उठाउन र भूटानसँग वार्ता वातावरण बनाउन प्रधानमन्त्रीको भूमिका आवश्यक रहेको बताएका छन्। उनीहरूले संयुक्त राष्ट्रसंघको मध्यस्थतामा त्रिपक्षीय वार्ता अघि बढाई "सम्मानजनक स्वदेश फिर्ती" सुनिश्चित गर्न सरकारलाई आग्रह गरेका छन्।

यसरी भूटानी शरणार्थीहरूले राजनीतिक नेतृत्व र सरकारसँग आफ्नो दीर्घ समस्या समाधानका लागि ठोस कूटनीतिक पहलको पुन: माग गरेका छन्। सो पत्रमा भूपू शिविर सचिव डीबी सुब्बा र राष्ट्रिय मेलमिलाप समिति भुटानका तर्फबाट कृष्णविर तामाङले हस्ताक्षर गरेका छन्।

***सत्ता*......** रणनीति बनाएको बताइएको छ। प्रदेश लोक सेवा आयोग सदस्य नियुक्तिमा थापाले सिफारिस गरेका व्यक्ति असफल हुनु पनि उनीमाथि पार्टीभित्रै दबाब बढिरहेको संकेतका रूपमा हेरिएको छ।

**कांग्रेसद्वारा सरकारको ध्यानाकर्षण**

नेपाली कांग्रेसले राष्ट्रिय मानवअधिकार आयोग को भदौ २३-२४ को आन्दोलनसम्बन्धी प्रतिवेदनका आधारमा सरकारलाई ६ बुँदे ध्यानाकर्षण गराएको छ। कांग्रेसले आयोगका सिफारिसहरू संवैधानिक दायराभित्र रही तत्काल कार्यान्वयन गर्न, घटनामा भएको अत्यधिक बल प्रयोग तथा हिंसामा संलग्नमाथि राजनीतिक दबाबबिना कानुनी कारबाही गर्न माग गरेको छ। साथै मृतक र घाइतेका परिवारलाई न्याय, राहत र पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने, निजी क्षेत्रको क्षतिमा उचित क्षतिपूर्ति दिनुपर्ने तथा सुरक्षा निकायलाई मानवअधिकारमैत्री बनाउन सुधार गर्नुपर्ने जनाएको छ। कांग्रेसले पूर्व सरकारले गठन गरेको गौरीबहादुर कार्की आयोग को अनुसन्धानलाई पनि अधुरो भन्दै त्यसका अध्यक्षमाथि सूक्ष्म अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

***स्कूलबस*....** उत्रिन नपाउँदै बस अगाडि बढाउँदा उनी लडेर चक्कामुनि परेका थिए ।

साँझ करिब ५ बजे भएको उक्त दुर्घटनामा बालकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । दुर्घटनापछि बस र चालक गौरादह-७ का ५७ वर्षीय लालबहादुर बस्नेतलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जले नियन्त्रणमा लिएको छ । घटनापछि गाउँभर शोक छाएको छ । बालकको मृत्युले परिवार विक्षिप्त बनेको छ भने स्थानीयवासीले विद्यालय प्रशासन, चालक र सहचालकको लापरवाहीका कारण दुर्घटना भएको भन्दै आक्रोश व्यक्त गरेका छन् ।



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरू**

☞ डा. हेम राज गैरे
☞ डा. सि.पि. गैरे
☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह
☞ डा. टंक न्यौपाने
☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ
☞ डा. काश्मी श्रेष्ठ
☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की, E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल